Bird Conservation Nepal
नेपाल पन्छी संरक्षण संघ
ESTD. 1982

# मुनाल

नेपाल पन्छी संरक्षण संघको त्रैमासिक पत्रिका

वर्ष २६ अङ्क १ असार २०८३

## दाङ देउखुरी, चुरेवन तथा पश्चिम राप्ती सिमसार क्षेत्र:

# आप्रवासी चराहरूको संरक्षणका लागि स्थानीय सरकार र समुदायको संलग्नता

- भूपाल नेपाली

दाङ, कपिलवस्तु र बाँके जिल्लाको करिब १ लाख ५० हजार हेक्टर क्षेत्रफलमा फैलिएको दाङ-देउखुरी चुरेवन तथा पश्चिम राप्ती सिमसार एक महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र (IBA) हो। अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालका ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरुमध्ये यो क्षेत्र नेपालको संरक्षित क्षेत्र बाहिरको सबैभन्दा ठूलो महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र हो। हालसम्म यस क्षेत्रमा ३१९ प्रजातिका चराहरू अभिलेख गरिएका छन्। यहाँ विश्वमै दुर्लभ तथा संरक्षणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण चराहरूको वासस्थान रहेको छ।

यस क्षेत्रमा विश्वव्यापी रुपमा अति सङ्कटापन्न सूचीमा रहेका डङ्गर गिद्ध, सुन गिद्ध, सानो खैरो गिद्ध, बगाले बगेडी, साथै सङ्कटापन्न सूचीमा रहेका सेतो गिद्ध र गोमायु महाचिल लगायतका महत्त्वपूर्ण चराका प्रजातिहरु पाइन्छन्। विशेषगरी, नेपालमा संरक्षण प्राथमिकतामा रहेका डङ्गर गिद्धहरुको ठूलो मात्रामा गुँडहरु (Nesting colony) यस क्षेत्रमा रहेकोले यसको संरक्षण महत्त्व अझै बढेको छ।



# सम्पादकीय

नेपालमा पछिल्लो समय चरा अवलोकनसँगै चरा तथा वन्यजन्तु फोटोग्राफीप्रतिको आकर्षण बढ्दै गएको देखिन्छ। विशेषगरी युवापुस्ता, फोटोग्राफर तथा नागरिक वैज्ञानिकहरुको सहभागिता उल्लेखनीय छ। यो सम्पूर्ण प्रकृतिप्रेमी, पन्छी अवलोकनकर्ता, फोटोग्राफर तथा संरक्षणकर्मीहरुका लागि सुखद सङ्केत हो। यसबाट नेपालका चराचुरुङ्गी तथा वन्यजन्तुको अभिलेखीकरण, नयाँ प्रजातिको खोज, चरामैत्री पर्यटन, वैज्ञानिक अनुसन्धान तथा संरक्षणमा महत्त्वपूर्ण योगदान पुगेको छ।

चराका फोटो तथा भिडियो सामाजिक सञ्जालमार्फत साझा गर्दा आम समुदायमा चराको महत्त्वबारे सचेतना फैलिनुका साथै चरा पर्यटनको प्रवर्द्धनमा समेत सकारात्मक योगदान पुग्दछ। तर, चरा अवलोकन तथा फोटो-भिडियो खिच्ने क्रममा नैतिक आचारसंहिताको पालना गर्नु उत्तिकै आवश्यक छ। विशेषगरी चैतदेखि असारसम्मको अवधि अधिकांश चराहरुको गुँड बनाउने, प्रजनन गर्ने तथा बचेरा हुर्काउने संवेदनशील समय हो। यस अवधिमा चरा अवलोकन वा फोटोग्राफी गर्दा चरालाई कुनै किसिमको तनाव वा अवरोध नपुग्ने गरी आवश्यक दूरी कायम गर्नुपर्छ। अवलोकनका क्रममा गुँड, अण्डा वा बचेरा भेटिएमा सकेसम्म नजिक नजाने, टाढैबाट अवलोकन गर्ने तथा सम्बन्धित चराको तत्कालीन फोटो र स्थान सार्वजनिक नगर्नेजस्ता जिम्मेवार अभ्यास अपनाउनु आवश्यक हुन्छ। घर वरिपरि गुँड बनाउने चराहरुलाई हानीनोक्सानी हुने खालका क्रियाकलाप नगर्ने र चोरी-सिकारी तथा अन्य जोखिमबाट जोगाउनु पनि हाम्रो साझा दायित्व हो।

यसैगरी, अत्यधिक गर्मीका कारण विशेषत: सहरी क्षेत्रमा चराहरुले पानीको अभाव सामना गर्नुपर्ने अवस्था आउँछ। यस्तो अवस्थामा घरको कौसी, बगैँचा वा खुला स्थानमा सफा पानी भएको सानो भाँडो राखेर पनि चराको संरक्षणमा सानो तर महत्त्वपूर्ण योगदान गर्न सकिन्छ। फोटोग्राफीपनि संरक्षणको प्रभावकारी माध्यम बन्न सक्छ भन्ने विश्वासका साथ नेपाल पन्छी संरक्षण संघले नियमित रुपमा चरा फोटो प्रतियोगिता तथा फोटो प्रदर्शनी आयोजना गर्दै आएको छ। साथै, प्रत्येक शनिबार काठमाडौं उपत्यकाका विभिन्न स्थानमा चरा अवलोकन कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यी कार्यक्रममा सहभागी हुने चराप्रेमी, नेचर गाइड, विद्यार्थी तथा अनुसन्धानकर्ताले चरा अवलोकनसँगै तथ्याङ्क सङ्कलन गर्ने कार्यपनि निरन्तर गर्दै आएका छन्। यसबाट उपत्यकामा चराको दीर्घकालीन अवस्थाबारे महत्त्वपूर्ण जानकारी प्राप्त हुनुका साथै नयाँ चरा अवलोकनकर्ताले चराको पहिचान, वासस्थान, व्यवहार तथा संरक्षणका विषयमा सिक्ने अवसर प्राप्त गरेका छन्। यस्ता कार्यक्रमहरुले संरक्षणप्रति नयाँ पुस्तालाई प्रेरित गर्नुका साथै नागरिक विज्ञान (सिटिजन साइन्स) लाई पनि सुदृढ बनाउने काममा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छन्।

यस प्रकाशनमा चरा सर्वेक्षण, लोपोन्मुख चराहरुको गणना, समुदायस्तरमा भइरहेका संरक्षण प्रयास तथा नेपाल पन्छी संरक्षण संघले चरा तथा तिनका वासस्थान संरक्षणमा खेल्दै आएको भूमिकाबारे विविध सामग्री समेटिएका छन्। हामीलाई विश्वास छ, यी सामग्रीहरुले पाठकहरुलाई सुसूचित गराउनुका साथै संरक्षणप्रति थप जिम्मेवार बन्न प्रेरित गर्नेछन्। नेपाल पन्छी संरक्षण संघप्रति यहाँहरुको निरन्तर विश्वास, साथ र सुझावका लागि हार्दिक धन्यवाद। यहाँहरुको रचनात्मक सुझावलाई आत्मसात् गर्दै हामी आगामी दिनहरुमा पनि चरा तथा पर्यावरण संरक्षणका लागि निरन्तर प्रतिबद्ध रहनेछौं।

देउखुरीको मध्यभाग हुँदै बग्ने राप्ती नदी तथा यस वरपरका सिमसार क्षेत्रहरुले मध्य एसियाली उडान मार्ग (Central Asian Flyway) हुँदै आहारको खोजी तथा जाडो छल्न आउने करिब ५० भन्दा बढी प्रजातिका आप्रवासी चराहरुलाई उपयुक्त वासस्थान प्रदान गर्दछ। यही जैविक विविधता, दुर्लभ तथा सङ्कटापन्न प्रजातिहरुको उपस्थितिले दाङ-देउखुरी क्षेत्रलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय दुवै दृष्टिले अत्यन्त महत्त्वपूर्ण क्षेत्रको रुपमा स्थापित गरेको छ।

चराहरुकालागि अतिरिक्त यो क्षेत्र अन्य वन्यजन्तुहरुको संरक्षणका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ। यहाँ विश्वव्यापी रुपमा सङ्कटापन्न चौका, पाटेबाघ, चितुवा, काठेभालु र एसियाली हात्तीजस्ता स्तनधारी वन्यजन्तुहरु अभिलेख गरिएका छन्। यसले दाङ-देउखुरी पश्चिम राप्ती क्षेत्र चराहरुको साथै समग्र जैविक विविधताको संरक्षणका लागि अत्यन्त महत्त्वपूर्ण रहेको स्पष्ट पार्दछ।

यति ठूलो जैविक विविधता बोकेको क्षेत्र भएतापनि हाल यसको संरक्षणमा विभिन्न चुनौतीहरु थपिँदै गएका छन्। सन् २०२० मा देउखुरी क्षेत्रलाई लुम्बिनी प्रदेशको राजधानी घोषणा गरिएपछि शहरीकरण र पूर्वाधार विकास तीव्र रुपमा विस्तार भएको छ। यससँगै चराहरुको वासस्थान खण्डीकरण, प्राकृतिक स्रोतहरुको दोहन, वन तथा सिमसार क्षेत्रमा बढ्दो मानवीय चाप, स्थानीय सरकार तथा समुदायमा यस क्षेत्रको संरक्षण महत्त्वबारे सीमित जानकारी, र चरा संरक्षणसम्बन्धी वैज्ञानिक अध्ययन तथा अनुसन्धानको कमी यस क्षेत्रका प्रमुख संरक्षण चुनौतीका रुपमा देखिएका छन्।

यिनै चुनौतीहरुलाई सम्बोधन गर्ने उद्देश्यले नेपाल पन्छी संरक्षण संघले बर्ड लाइफ इन्टरनेशलको आर्थिक सहयोगमा 'दाङ देउखुरी, चूरे वन तथा पश्चिम राप्ती सिमसार क्षेत्रमा आप्रवासी चराहरुको संरक्षणको लागि स्थानीय सरकार र समुदायहरुको संलग्नता' नामक परियोजना सञ्चालन गरेको थियो। यस परियोजनामा लुम्बिनी प्रदेश सरकार, देउखुरीका चार स्थानीय पालिका, डिभिजन वन कार्यालय, आदिवासी थारु समुदाय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय संस्थाहरु तथा युवाहरुको सक्रिय सहभागिता रहेको थियो।

परियोजना अन्तर्गत विभिन्न सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, चरा सर्वेक्षण, क्षमता विकास तालिम, प्रदेश सरकार र प्रमुख सरोकारवाला निकायहरुबीच चरा तथा जैविक विविधता संरक्षणसम्बन्धी उच्च



*मणितुण्डक, फोटो: पृथ्वी चौधरी*

स्तरीय नीतिगत सम्वाद कार्यक्रम तथा स्थानीय साझेदारहरूसँग समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गरिएका थिए, जसमा ५०० भन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको थियो। परियोजना लागू भएका लमही नगरपालिका, राप्ती, गढुवा र राजपुर गाउँपालिकाका स्थानीय तहभित्र रहेका १७ वटा क्षेत्रलाई महत्त्वपूर्ण चराको वासस्थान (Critical Bird Habitats Site) र संवेदनशील क्षेत्रहरूको पहिचान स्थानीय सरकारबाट अनुमोदन गरियो, जुन यस परियोजनाको सबैभन्दा महत्त्वपूर्ण उपलब्धीमध्ये एक हो। यी क्षेत्रहरूको औपचारिक पहिचानले भविष्यमा स्थानीय सरकार तथा समुदायलाई चरा तथा तिनका वासस्थान संरक्षणका लागि नीति, योजना र कार्यक्रम तर्जुमा गर्न महत्त्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

यस अवधिमा स्थानीय युवा, सामुदायिक प्रतिनिधि तथा सरोकारवालाहरूलाई चरा पहिचान, चरा सर्वेक्षण तथा संरक्षणसम्बन्धी तालिम प्रदान गरिएको थियो। परियोजना अवधिसम्मको सम्पन्न सर्वेक्षणमा २४६ प्रजातिका चराहरू अभिलेख गरिए, जसमध्ये ३७ प्रजातिका चरा यस क्षेत्रका नयाँ अभिलेख गरिएको थियो। यससँगै दाङ-देउखुरी पश्चिम राप्ती सिमसार क्षेत्रमा अभिलिखित चराहरूको संख्या ३१९ बाट ३५६ पुगेको छ, जसले यस क्षेत्रको जैविक तथा संरक्षण महत्त्वलाई अझ बलियो बनाएको छ।

त्यसैगरी, विश्व सिमसार दिवस, विश्व आप्रवासी चरा दिवस, अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस लगायत १२ भन्दा बढी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका थिए, जसमा ४५१ जना स्थानीय समुदायका सदस्य, विद्यार्थी, शिक्षक, स्थानीय सरकारका जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। यस्ता कार्यक्रमहरूले चराहरूको संरक्षण, जैविक विविधताको महत्त्व तथा स्थानीय समुदायको भूमिकाबारे जनचेतना अभिवृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याएका छन्।

समग्रमा, यस परियोजनाले दाङ-देउखुरी क्षेत्रमा चरा संरक्षणका लागि बलियो आधार निर्माण गर्दैछ। आगामी दिनहरूमा थप वैज्ञानिक अध्ययन तथा अनुसन्धान, विद्यालय तथा समुदायमा आधारित संरक्षण शिक्षा, युवाहरूको क्षमता विकास, महत्त्वपूर्ण चरा वासस्थानहरूको प्रभावकारी व्यवस्थापन तथा स्थानीय सरकारद्वारा संरक्षणमुखी नीति, कार्यक्रम र बजेटको सुनिश्चितता गर्न सकिएमा यस क्षेत्रलाई नेपालको उत्कृष्ट चरा पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।



कविता

# कोइली

गृष्म याम सुरु भयो
आयो कोइली चरी
बोलाउछन किसानलाई
कुहु कुहु गरी

कोहि त भन्छन बिउ कुहियो,
कोहि त काफल पाक्यो
हरियाली जङ्गल सबै
गुराँस फूलले ढाक्यो

गुन्जायमान छन गाउँपाखा
अलि अलि शहर
किन आएका होलान है!
घुम्ने हो कि रहर ?

सहयोग गर्छन किसानलाई
खाई किराकिरी
सम्झाउनु है सबैलाई
नहान्नु है गुलेली



कुक्कु कोइली, फोटो: नवराज पोखरेल

- नवराज पोखरेल


आफ्नै घर वरिपरि प्रायः देखिने १०० वटा चराहरू समावेश गरिएको

छिमेकी चरा
मोबाइल एप

प्रयोग गरी चरा चिनौँ। एवम् त्यसको गणना गरी छिमेकी चरा अभियानमा सहभागी बनौँ।

https://play.google.com/store/apps/details?id=com.chhimeki charaapp&hl=ne&gl=US&pli=1

## कोशीटप्पु वन्यजन्तु आरक्षण क्षेत्रमा ३१औं वन्यजन्तु सप्ताह मनाइयो ।

३१औं वन्यजन्तु सप्ताहको अवसरमा २०८३ साल बैशाख ४ गते खरमजुर संरक्षणसम्बन्धी सरोकारवालाहरूबिच सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा खरमजुर संरक्षण तथा यससम्बन्धी मध्यवर्ती क्षेत्र उपभोक्ता समूह, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, विद्यार्थी, स्थानीय संरक्षण समूह, स्थानीय सरकार र प्रमुख सरोकारवालासहित जम्मा ३० जनाको सहभागितामा रहेको थियो। परियोजनाका फिल्ड अधिकृत संजय चौधरीज्यूले खरमजुरको वर्तमान अवस्था र संरक्षणसम्बन्धी विषयहरूमा प्रस्तुतीकरण गर्नका साथै कोशीटप्पु वन्यजन्तु आरक्षमा नेपाल पन्छी संरक्षण संघद्वारा गरिएको घाँसेमैदान पुनर्स्थापना कार्यबारे जानकारी गराउनुभएको थियो। आरक्षका वरिष्ठ संरक्षण अधिकृत श्री भुपेन्द्र प्रसाद यादव ज्यूले छाडा चौपायाको समस्या तथा घाँसेमैदान र सिमसार क्षेत्रको संरक्षणसम्बन्धी विषयहरूमा आफ्ना भनाई राख्नुभएको थियो। त्यसैगरी, बैठकमा सहभागी सम्पूर्ण सरोकारवालाहरूले छाडा चौपायाको चरिचरन र घाँसेमैदान व्यवस्थापनसम्बन्धी समस्याहरूका बारेमा आ-आफ्ना अनुभव आदानप्रदान गर्नु भएको थियो।





## शुक्लाफाँटामा द्रुत प्रतिकार्य टोली (Rapid Response Team) गठन

नेपाल पन्छी संरक्षण संघले कञ्चनपुर जिल्लाका ब्रह्मदेव जैविक मार्ग क्षेत्र, लालझाडी जैविक मार्ग क्षेत्र र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र गरी ५ वटा द्रुत प्रतिकार्य टोली गठन गरेको छ। यसैगरी ५ वटा टोलीको संयोजक र सह-संयोजकहरूको सहभागितामा जिल्ला स्तरीय द्रुत प्रतिकार्य समन्वय सञ्जाल बनाएको छ। गिद्ध, गाई र मानिस - एक पुरानो सम्बन्धलाई सुदृढ गर्नु, (Vulture, Cows and People– Strengthening an Ancient Relationship) परियोजना अन्तर्गत गिद्ध संरक्षणमा समुदायको सक्रिय सहभागिता बढाउने तथा आपातकालीन अवस्थामा छिटो र प्रभावकारी रुपमा गिद्धको उद्धार तथा समन्वय गर्ने उद्देश्यले गठन गरिएको हो।

उक्त सञ्जालमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, चुरे संरक्षण सञ्जाल, सामुदायिक वन समन्वय समिति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, नेचर गाइड र कञ्चनपुर पन्छी संरक्षण समूहको प्रत्यक्ष सहभागिता रहेको छ जसले गर्दा गिद्धको संरक्षण र घाइते गिद्धको उद्धारमा महत्त्वपूर्ण भूमिका खेल्ने छ। परियोजनाको दीर्घकालीन उद्देश्य, समुदाय स्तरमा जनचेतना अभिवृद्धि र संरक्षणसम्बन्धी गतिविधिहरूमा प्रभावकारी बनाउने र सुदूरपश्चिम प्रदेश क्षेत्रमा गिद्ध सुरक्षित क्षेत्र बनाउने हो। यो परियोजना कञ्चनपुर जिल्लालाई केन्द्रमा राखेर नेपालको दोस्रो गिद्ध सुरक्षित क्षेत्र बनाउने लक्ष्यसहित Darwin Initiative को आर्थिक सहयोग RSPB–UK को अगुवाई, नेपाल पन्छी संरक्षण संघ, Renewable World तथा PESWAN को कार्यान्वयनमा सञ्चालन भइरहेको छ।

## शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा खरमजुरको गणना

सुदूरपश्चिम प्रदेशको प्रसिद्ध शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा अति सङ्कटापन्न खरमजुरको गणना गरिएको छ। निकुञ्ज कार्यालयको समन्वयमा नेपाल पन्छी संरक्षण संघले एक सातासम्म खरमजुर गणना गरेको हो। लोप हुने सँघारमा पुगेको यो प्रजातिका चराको संख्या, अवस्था पत्ता लगाउन हरेक वर्ष मार्च र अप्रिल महिनामा खरमजुर गणना गर्ने गरिन्छ। यस वर्ष बैशाख १४ देखि २१ गतेसम्म गरिएको खर मजुरको गणनामा नेपाल पन्छी संरक्षण संघ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका गरी ९ जना प्राविधिक खटिएका थिए। निकुञ्जका विशाल शुक्लाफाँटा घाँसेमैदानलाई ६ वटा ब्लकमा विभाजन गरेर गणना गरिएको थियो। शुक्लाफाँटाको घाँसेमैदानमा गरिएको गणना अनुसार २ भाले र १ पोथी गरी ३ वटा मात्रै भेटिएको छ। गत वर्ष ३ भाले र १ पोथी सहित ४ वटा भेटिएका थिए।

## सन्दकपुरमा अलैंची खेतीसम्बन्धी तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८३ साल बैशाख १८, १९ र २० गते इलाम जिल्लाको सन्दकपुर गाउँपालिका वडा नं. १, माईपोखरी र मिति २०८३ साल जेठ २, ३ र ४ गते वडा नं. ५ जमुनामा तीन दिने अलैंची खेतीसम्बन्धी तालिम सम्पन्न भएको छ। फिक्कल, इलामबाट अलैंची विकास केन्द्र प्रमुख तथा माटो विज्ञ राजु ढकाल र जुनियर प्राविधिक दिल बहादुर

श्रेष्ठ ज्यूले प्रशिक्षण गर्नुभएको तालिममा माईपोखरी वन चाहा अलैंची कृषक समूहबाट २९ र जमुना वन चाहा अलैंची कृषक समूहद्वारा २४ जनाको सहभागिता रहेको थियो ।

विज्ञहरूले अलैंची खेतीको परिचय, महत्त्व, वर्तमान अवस्था, समस्या र चुनौतीहरू, अलैंची बालीको प्रसारण विधि, अलैंचीको जात र तिनको विशेषता, अलैंची बगान स्थापना तथा व्यवस्थापन, अलैंचीको बिरुवा उपचार र माटो तथा मलखाद व्यवस्थापन, अलैंची बालीमा लाग्ने प्रमुख रोग, कीरा तथा तिनको व्यवस्थापन, अलैंची प्रशोधन तथा भण्डारणलगायत विषयमा सैद्धान्तिक कक्षासँगै अलैंची बगानमा लगी प्रयोगात्मक तरिकाले पनि सिकाउनु भएको थियो । तालिम पश्चात सबै सहभागीलाई प्रमाण-पत्र वितरण गरिएको थियो भने तालिमको समापन उच्च पहाडी संस्था नेपालका अध्यक्ष दिनेश कुमार सुबेदीले गर्नु भएको थियो ।



## माई उपत्यकामा चरा सर्वेक्षण

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८३ साल बैशाख २३ देखि ३१ सम्म इलाम जिल्लामा स्थित माई उपत्यका महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रमा ग्रिष्म समयको चरा सर्वेक्षण सम्पन्न भएको छ । सर्वेक्षण, समुन्द्र सतहदेखि करिब १३० मिटरको उँचाइमा रहेको झापा जिल्लाको सुखानी जङ्गल, दोमुखा- पार्क, सताक्षी धाम, धुलाबारी कृषि भूमिदेखि ३६०० मिटरको उँचाइमा रहेको इलाम जिल्लाको सन्दकपुरसम्म भएको थियो । पोइन्ट काउन्ट गणना विधि प्रयोग गरिएको सर्वेक्षणमा २७४ प्रजातिका चराहरू अभिलेख गरिएको छ । चराको महत्त्वपूर्ण वासस्थान भएको उक्त क्षेत्रमा हिउँदे सर्वेक्षण गर्दा २६४ प्रजाति भेटिएको थियो । दुवै



सर्वेक्षणको रिपोर्ट अनुसार जम्माजम्मी ३३७ प्रजाति फेला परेको छ । क्रमिक रुपमा सर्वेक्षण गर्दै जाँदा थप नयाँ प्रजाति अभिलेख भई प्रजाति संख्यामा वृद्धि हुनुको साथै चराको बसाइसराइ र वासस्थानको अवस्था अध्ययनमा थप टेवा पुग्ने छ ।

## महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र (IBAs) सम्बन्धी नीतिगत संवाद कार्यक्रम सम्पन्न

नेपाल पन्छी संरक्षण संघको आयोजनामा २०८३ बैशाख २८ गते दाङ जिल्लाको भालुबाङमा 'महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रको संरक्षणसम्बन्धी नीतिगत संवाद' कार्यक्रम सम्पन्न भयो । दाङ देउखुरी चूरेवन तथा पश्चिम राप्ती सिमसार क्षेत्रको संरक्षणलाई सुदृढ गर्ने र संरक्षणमा संलग्न विभिन्न सरोकारवालाबीच समन्वय बढाउने उद्देश्यले आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुखहरू, स्थानीय सरकार, डिभिजन वन कार्यालय, कृषि तथा पूर्वाधार विकाससम्बन्धी निकाय, सामुदायिक वन उपभोक्ता महासंघ, बर्डलाइफ इन्टरनेशनल, राजनीतिक दल, सञ्चारमाध्यम तथा समुदायमा आधारित संरक्षण संस्थाका प्रतिनिधिसहित ३५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र, Emergency Site Casework परियोजना, प्रवासी चराहरूको संरक्षण, राष्ट्रिय नीति तथा भावी संरक्षण कार्यदिशाबारे प्रस्तुतीकरण तथा छलफल गरिएको थियो ।




स्थानीय आदिवासी समुदाय र स्थानीय सरकारको सहभागितामा १७ वटा चराका अति महत्त्वपूर्ण स्थान क्षेत्र पहिचान तथा अनुमोदन हुनु परियोजनाको महत्त्वपूर्ण उपलब्धीका रूपमा उल्लेख गरियो । प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधिहरुले संरक्षणका लागि नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै, नेपाल पन्छी संरक्षण संघकी प्रमुख कार्यकारी अधिकृत इशाना थापाले निरन्तर पैरवी, सहकार्य तथा प्रमाण र विज्ञानमा आधारित संरक्षण दृष्टिकोणबाट चरा तथा जैविक विविधता संरक्षणलाई दीर्घकालीन रुपमा सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो ।

## हावाहुरीबाट घाइते भएका गिद्धहरूलाई उद्धार गरी पुनः प्राकृतिक वासस्थानमा छाडियो ।

२०८२ साल वैशाख २९ गते दाङ जिल्लामा आएको भीषण हावाहुरीका कारण उच्यानिम्बु, जनज्योति र विष्णुपूरा सामुदायिक वन क्षेत्रहरूमा

रहेका अति सङ्कटापन्न डङ्गर गिद्धका ६ वटा बचेरा गुँडबाट खसेर घाइते भएका थिए। स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूहहरूबाट सूचना प्राप्त भएपछि नेपाल पन्छी संरक्षण संघले डिभिजन वन कार्यालय लमही र घोराही दाङ, कालिका सामुदायिक वन उपभोक्ता समूह तथा गिद्ध संरक्षण केन्द्र, पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र बिजौरी र स्थानीय समुदायहरुको समन्वय र सहकार्यमा ती बचेराहरूको सफल उद्धार गरेको थियो। विशेषज्ञहरूको परामर्शमा उनीहरूलाई उपचार तथा पुनःस्थापनाका लागि देउखुरी दाङको लालमटिया स्थित पशु बृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्र र बिजौरीस्थित वन्यजन्तु उपचार तथा उद्धार केन्द्रमा लगिएको थियो। नेपाल पन्छी संरक्षण संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष तथा गिद्ध संरक्षण केन्द्रका भेटेरीनरी डाक्टरहरू र प्राविधिक टोलीले नियमित स्वास्थ्य परीक्षण, उपचार तथा हेरचाह गरेका थिए।



करिब २६ दिनको उपचार र पुनःस्थापनापछि लालमटिया पशु बृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्रमा रहेका चारैवटा गिद्धका बचेरा पूर्ण रूपमा स्वस्थ बनेका थिए। २०८३ जेठ ११ गते एउटा गिद्धले सफल परीक्षण उडान भरेपछि बाँकी तीनवटा गिद्धलाई २०८३ जेठ १२ गतेका दिन नेपाल पन्छी संरक्षण संघको अगुवाइमा डिभिजन वन कार्यालय लमही देउखुरी, सामुदायिक वनका प्रतिनिधि तथा स्थानीय समुदायको उपस्थितिमा उद्धार गरिएकै मूल वासस्थान उच्चानिम्बु सामुदायिक वन क्षेत्रको प्राकृतिक वासस्थानमा पुनःस्थापना गरिएको थियो। त्यसैगरी, करीब ४० दिनको उपचार र हेरचाहपछि बिजौरी दाङ स्थित वन्यजन्तु उपचार तथा उद्धार केन्द्रमा रहेका २ वटा गिद्धलाई सफल उद्धार पछि २०८३ साल जेठ २९ गतेका दिन नेपाल पन्छी संरक्षण संघको अगुवाइमा शान्तिनगर गाउँपालिका वडा नं. २ स्थित विष्णुपुरा सामुदायिक वनको प्राकृतिक वासस्थानमा छाडियो।

## सन्दकपुरमा चरा पहिचान र वासस्थान संरक्षणसम्बन्धी तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, 'समुदाय र प्रकृतिको हितका लागि दिगो वित्तीय संयन्त्रमार्फत माई उपत्यका वन क्षेत्रको संरक्षण' परियोजना अन्तर्गत मिति २०८३ साल जेठ २ र ३ गते इलाम जिल्लाको सन्दकपुर गाउँपालिका वडा नं. ३, सुलुबुङ र मिति २०८३ साल असार ३ र ४ गते वडा नं. १ माईपोखरीमा दुईदिने तालिम सम्पन्न भएको छ। तालिमको पहिलो दिन चरा पहिचानका तरिकाहरू र दोस्रो दिन चराको महत्त्व, वासस्थान संरक्षणमा चुनौती र संरक्षणका प्रयासहरूसम्बन्धी सिकाइएको थियो। तालिममा सुलुबुङ वन चाहा अलैंची कृषक समूह र माईपोखरी वन चाहा अलैंची कृषक समूहका पदाधिकारीहरू, सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। तालिम पश्चात उपस्थित प्रशिक्षार्थीलाई समूह विभाजन गरी आ-आफ्नो क्षेत्रमा पाइने चराहरू, वासस्थान संरक्षणमा देखिएका चुनौतीहरू र गर्न सकिने संरक्षणका प्रयासहरूबारे सामूहिक छलफल गराई प्रस्तुति दिन लगाइएको थियो। सहभागीहरूमध्ये सामुदायिक वनको नेतृत्व गर्दै पाँच वटा सामुदायिक वनलाई एकएकवटा 'नेपालका चराहरू' पुस्तक पनि हस्तान्तरण गरिएको थियो। पुस्तक ग्रहण गरिसकेपछी उहाँहरुले चरा पहिचान सहज हुनुका साथै, संरक्षणमा आफूपनि लाग्ने र अरुलाई पनि सचेतना गराई संरक्षणमा सहयोग पुर्‍याउने जानकारी गराउनु भयो।

## शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गिद्ध उद्धार केन्द्र निर्माण सम्पन्न

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अर्जुनी सेक्टरमा गिद्ध उद्धार केन्द्र निर्माण कार्य २०८३ साल जेठमा सम्पन्न भएको छ। नेपाल पन्छी संरक्षण संघको पहल तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको समन्वयमा निर्माण गरिएको उक्त केन्द्र घाइते, बिरामी तथा विषाक्तताबाट प्रभावित गिद्धहरूको उद्धार, उपचार, पुनःस्थापना र संरक्षणका लागि उपयोग गरिनेछ। उद्धार केन्द्र सञ्चालनमा आएपछि सुदूरपश्चिम प्रदेशमा गिद्ध संरक्षण अभियानलाई थप प्रभावकारी बनाउँदै सङ्कटमा परेका गिद्धहरूको समयमै उद्धार तथा उपचार गर्न सहज हुनेछ।

## प्रदेश स्तरीय चरा अवलोकन कार्यक्रम सम्पन्न

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाइ धनगढीको आर्थिक सहयोग तथा नेपाल पन्छी संरक्षण संघको आयोजनामा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, पुरैनी ताल, बेलौरी कञ्चनपुर र कैलालीको घोडाघोडी ताल क्षेत्रमा चरा अवलोकन कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, नगरपालिकाहरू, डिभिजन वन कार्यालय, सामुदायिक वनहरू, चुरे संरक्षण सञ्जाल, सामुदायिक वन समन्वय समिति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, नेचर गाइड, कञ्चनपुर पन्छी संरक्षण समूह, प्रकृतिप्रेमी, संरक्षणकर्मी, स्थानीय समुदाय तथा सरोकारवालाहरू लगायत १३६ जनाको सहभागिता रहेको थियो। सहभागीहरूले विभिन्न प्रजातिका स्थानीय तथा आगन्तुक चराहरूको अवलोकन गर्दै तिनको पहिचान, वासस्थान र संरक्षणको महत्त्वबारे जानकारी प्राप्त गरेका थिए। यस कार्यक्रमले पन्छी तथा जैविक विविधता संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै शुक्लाफाँटा, पुरैनी ताल र घोडाघोडी काललाई प्रकृतिमैत्री पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। चरा अवलोकन कार्यक्रम २०८३ साल जेठ २१ देखि २४ गते सम्म सञ्चालन गरिएको थियो।

## गिद्ध संरक्षणका लागि गौशालालाई सहयोग

नेपाल पन्छी संरक्षण संघले लमही नगरपालिका-६, खैरी, दाङस्थित श्री डुमडुम भवानी गौ संरक्षण तथा व्यवस्थापन संस्थालाई प्राकृतिक रुपमा मरेका गाई-गोरुहरूको सिनो सुरक्षित रूपमा ओसारपसार गर्न ठेलागाडा तथा सिनो फाल्ने स्थलको व्यवस्थापनका लागि सहयोग उपलब्ध गराएको छ। यस सहयोगले गिद्धका लागि सुरक्षित र शुद्ध आहार उपलब्ध गराउनुका साथै स्थानीय समुदायको गिद्ध संरक्षणमा भूमिका सुदृढ गर्न सहयोग पुगेको छ। साथै, यो सहयोगले छिमेकी सामुदायिक वनहरूमा गुँड बनाई बसेका गिद्धहरूलाई सहज रुपमा आहारा आपूर्ति

गर्नमा सहजताका साथै शुद्ध आहारा प्रदान गर्न सहयोग पुऱ्याएको छ। त्यसैगरी, नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत श्री भूपाल नेपालीले स्थानीय समुदाय, गौशाला व्यवस्थापन समिति तथा स्थानीय सरकारका जनप्रतिनिधिहरूसँग गिद्ध संरक्षणसम्बन्धी सचेतनामूलक एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेका थिए। उक्त कार्यक्रममार्फत गिद्धको पारिस्थितिक महत्त्व, चुनौती, सुरक्षित सिनो व्यवस्थापन तथा स्थानीय सरकार र समुदायको भूमिकाबारे जानकारी प्रदान गरिएको छ। यस्तो सहकार्यले सङ्कटापन्न गिद्धहरूको दीर्घकालीन संरक्षणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

## सङ्कटापन्न सुनौलो तोपचराको गणना

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मात्रै पाइने सुनौलो तोपचराको गणना गरिएको छ। सङ्कटापन्न सूचीमा रहेको सो प्रजातिको चराको संख्या, अवस्था पत्ता लगाउने उद्देश्यका साथ गणना गरिएको हो। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगको समन्वयमा नेपाल पन्छी संरक्षण संघले गणना गरेको हो। नेपाल पन्छी संरक्षण संघले हरेक वर्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सुनौलो तोपचराको गणना गर्दै आएको छ। निकुञ्जको शुक्लाफाँटा घाँसेमैदान, लालपानी, मोहनपुर, सिंहपुर, फाँटा लगायत घाँसेमैदानमा सुनौलो तोपचरा पाइने गरेको छ। शुक्लाफाँटाको घाँसेमैदानमा ८ देखि १३ असार २०८३ मा ६ दिन लगाएर गरिएको गणना अनुसार १५७ वटा सुनौलो तोपचरा भेटिएको छ।



## गर्मी सिजनमा हरिहाँस गणना

विश्व रामसार क्षेत्रमा सूचीकृत प्रसिद्ध घोडाघोडी तालमा हरिहाँसको गणना गरिएको छ। घोडाघोडीको सूचक प्रजाति रहेका हरिहाँसको संख्या र अवस्था अद्यावधिक गर्ने उद्देश्यले डिभिजन वन कार्यालय पहलमानपुरसँगको समन्वयमा नेपाल पन्छी संरक्षण संघले हरिहाँसको गणना गरेको हो। घोडाघोडी ताल क्षेत्रमा गर्मी र जाडो याममा गरेर हरेक वर्ष दुईपटक हरिहाँसको गणना गरिन्छ। नेपालको पहिलो चरा अभय आरण्य क्षेत्र घोडाघोडीमा गर्मीयाममा २०८३ असार १४ देखि १६ मा ३ दिन लगाएर गणना गरिएको हरिहाँस २१७ वटा फेला परेका थिए। घोडाघोडी पन्छी आरण्य क्षेत्रमा ३८२ प्रजातिका चरा पुगेका छन।



## कञ्चनपुरमा चरा संरक्षण सचेतना कार्यक्रम सम्पन्न

बेलौरी नगरपालिका वडा नं.-७ र कञ्चनपुर पन्छी संरक्षण समूहको आयोजना तथा नेपाल पन्छी संरक्षण संघको समन्वयमा चरा संरक्षण सचेतना कार्यक्रम असार १५, २०८३ मा बेलौरी -७ कञ्चनपुरमा सम्पन्न भएको छ। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समुदायका सदस्य, विद्यार्थी तथा सरोकारवालाहरू लगायत ५५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा चराहरूको संरक्षण, तिनको वासस्थानको महत्त्व तथा जैविक विविधता संरक्षणमा समुदायको भूमिकाबारे जानकारी प्रदान गरिएको थियो। सहभागीहरूले चरा तथा प्राकृतिक सम्पदाको संरक्षणमा सक्रिय सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेका थिए। सचेतनामूलक कार्यक्रमले स्थानीय स्तरमा चरा संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्न तथा जैविक विविधताको संरक्षणमा समुदायको सहभागिता बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने छ।

## आजीवन सदस्य

श्री गोविन्द प्रसाद थनेत ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ नेचर गाइड हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।

श्री डम्बर बहादुर पुन ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ निजामती कर्मचारी हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ। वहाँ बारेकोट गाउँपालिकामा कार्यरत हुनुहुन्छ।

श्री सुरज नेपाली ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ निजामती कर्मचारी हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ। वहाँ बारेकोट गाउँपालिकामा कार्यरत हुनुहुन्छ।

श्री अजय कुमार मानन्धर ज्यू नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ टुरिष्ट गाइड हुनुका साथै पन्छी तथा जैविक विविधताप्रेमी पनि हुनुहुन्छ।




BirdLife INTERNATIONAL

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका सङ्केतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रुपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउने अन्तर्राष्ट्रिय दूतको रुपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरूमध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

## कार्यक्रम तथा उद्देश्यहरू

- विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
- विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
- वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रुपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रुपमा कार्यक्रम गर्ने।
- पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणसम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ।

यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका कार्यकारी बोर्ड, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौं।

यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू

RSPB — Royal Society for the Protection of Birds, UK

BirdLife International


Bird Conservation Nepal
नेपाल पन्छी संरक्षण संघ
ESTD. 1982

## नेपाल पन्छी संरक्षण संघ

पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ०१-४५१७८०५, ०१-४५२०२१३
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org



- सम्पादक नवराज पोखरेल, जयनाथ भण्डारी
- लेआउट क्यालिग्राफिक डिजाइन स्टुडियो
- प्रकाशक नेपाल पन्छी संरक्षण संघ



© २०८३ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।